"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET

चौमासिक बुलेटिन | वर्ष ३ | अङ्क १ | (२०७९ श्रावण - कार्तिक)

## यस अङ्कमा........


- आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन पेश
- नवनिर्वाचित वडा अध्यक्षहरूका लागि तालिम
- मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी प्रशिक्षण
- अधिकृतस्तरको सेवाकालीन तालिम
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम
- आइएसओ प्रमाणीकरण सम्बन्धी संवाद
- स्थानीय तहहरूको लैससास परीक्षण
- अन्तर प्रदेश सिकाइ आदान-प्रदान कार्यक्रम


## मुख्यमन्त्री समक्ष प्रतिष्ठानको वार्षिक प्रतिवेदन पेस

आ.व. २०७८/७९ मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा सम्पन्न गरिएका कार्यक्रम तथा वित्तीय प्रगति समावेश गरिएको वार्षिक प्रतिवेदन २०७९ भाद्र ६ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल समक्ष पेस भयो । प्रतिवेदनमा प्रतिष्ठानको संक्षिप्त परिचय, सोंच, लक्ष्य, उद्देश्यका अतिरिक्त गत आ.व.को कार्यक्रम र वार्षिक प्रगति विवरण समावेश गरिएको छ । उक्त प्रतिवेदनमा प्रतिष्ठानको सहयोग पश्चात् विभिन्न स्थानीय तहले हाँसिल गरेका सफलताका कथा समेत सम्लग्न गरिएको छ । उक्त प्रगति प्रतिवेदन प्रतिष्ठानको वेवसाइट www.gpta.gandaki.gov.np मा राखिएको छ ।



माननीय मुख्यमन्त्री समक्ष प्रतिष्ठानको वार्षिक प्रतिवेदन पेस गर्दै कार्यकारी निर्देशक

## नवनिर्वाचित वडा अध्यक्षहरूको लागि दुई दिने तालिम सम्पन्न

मिति २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित वडा अध्यक्षहरूलाई स्थानीय तहको संवैधानिक र कानूनी अधिकार, भूमिका र जिम्मेवारी बारे अनुशिक्षण गर्ने उद्देश्यले दुई दिने तालिम सम्पन्न भयो । स्थानीय तहको सङ्ख्याको आधारमा विभिन्न समूहमा विभाजन गरी जिल्लागत रुपमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तालिममा स्थानीय तहको काम, कर्तव्य र अधिकार तथा वडा समितिको क्षेत्राधिकार, वडा समितिले गर्ने सिफारिस तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था, सामाजिक सुरक्षा तथा पञ्जीकरण, राजस्व अधिकार र राजस्व संकलनमा वडाको भूमिका, उपभोक्ता समिति र टोल विकास संस्था गठन तथा परिचालन प्रकृया, सरजमीन र मुचुल्काको अवधारणा र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू, स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र वडा समितिको भूमिका तथा स्थानीय तहका योजनाको अनुगमन तथा मूल्याङ्कन जस्ता विषयवस्तु समेटिएका थिए। उक्त तालिममा ६६५ जना पुरुष र १४ जना महिला गरी जम्मा ६७९ जनाको सहभागिता रहेको थियो।

उक्त अभिमुखीकरण कार्यक्रमबाट नवनिर्वाचित वडाअध्यक्षहरूले स्थानीय तहको संवैधानिक र कानूनी अधिकार, जिम्मेवारी तथा योजना निर्माण, स्थानीय सरकार सञ्चालन सम्बन्धी आधारभूत ज्ञान प्राप्त गरेका थिए भने पुनः निर्वाचित भएका वडा अध्यक्षहरूले स्थानीय सरकार सञ्चालन गर्दा भोगेका समस्या तथा सवालहरूको बारेमा छलफल एवम् सिकाइ आदान प्रदान गर्ने मौका पाएका थिए। उक्त तालिम प्रदेशभर एक साथ अभियानको रूपमा सञ्चालन हुँदा गण्डकी प्रदेश सरकार तथा प्रशिक्षण प्रतिष्ठानप्रति स्थानीय तहको भरोसा बढेको पाइएको छ।



पर्वत जिल्लामा सम्पन्न तालिममा सहभागी वडा अध्यक्षहरू

फोन: +९७७-६१-५७१०८०, ५७०१४६ | इमेल: academy.gandaki@gmail.com | वेभसाइट: www.gpta.gandaki.gov.np

## स्थानीय तहको मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा प्रशिक्षण सम्पन्न



गण्डकी प्रदेशका सबै स्थानीय तहका कर्मचारीहरूका लागि मध्यमकालीन खर्च संरचना (MTEF) तर्जुमा सम्बन्धी ३ दिने प्रशिक्षण मिति २०७९ भाद्र २८ देखि ३० गतेसम्म पोखरामा सम्पन्न भयो । उक्त प्रशिक्षण कार्यक्रममा कर्मचारी तर्फ दुई समूहमा गरी ७२ जनाको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रमको प्रमुख उद्देश्य स्थानीय तहका कर्मचारीहरूलाई सम्बन्धित स्थानीय तहको आगामी आ.व. को बजेट तर्जुमासँगै कानूनले अनिवार्य गरेको मध्यमकालीन खर्च संरचना तयार पार्न प्राविधिक ज्ञान प्रदान गर्नु रहेको थियो ।

त्यसैगरी स्थानीय तहका प्रमुखहरूलाई मध्यमकालीन खर्च संरचना सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले गत भाद्र ३१ गते संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) सँगको सहकार्यमा १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ५५ जना जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी ३ दिने तालिम सम्पन्न

मिति २०७९ कार्तिक २ देखि ४ गतेसम्म प्रदेश तहका कर्मचारीको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी ३ दिने तालिम सम्पन्न भयो । उक्त तालिममा विभिन्न २६ वटा कार्यालयबाट जम्मा २६ जना (२३ पुरुष र ३ महिला) अधिकृतस्तरका कर्मचारी सहभागी भएका थिए । यस तालिममा वातावरणको अवधारणा, वातावरण सम्बन्धी नेपालका कानूनी प्रावधानहरू, वातावरणीय अध्ययन प्रक्रिया, वन क्षेत्रमा वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था तथा वातावरणीय प्रभाव मूल्याङ्कनमा सरकारी तथा निजी क्षेत्रका विभिन्न निकायहरूको भूमिकाका बारेमा अनुभवी प्रशिक्षकहरूबाट प्रशिक्षण गरिएको थियो ।



## अधिकृतस्तरको तीस कार्यदिने सेवाकालीन तालिम सम्पन्न

प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर (छैटौं, सातौं र आठौं तह)का कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले मिति २०७९ भाद्र १९ देखि मंसिर २ गतेसम्म ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भयो । उक्त तालिम कार्यक्रमको उद्घाटन प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता तथा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतामा भएको थियो ।





उक्त तालिममा अधिकृतस्तर सातौं र आठौं तहका २८ जना र छैटौं तहका ३० जना गरी जम्मा ५८ जना सहभागी भएका थिए । जसमध्ये ७ जना महिला कर्मचारीहरू थिए । तालिममा विभिन्न क्षेत्रका ४८ जना विज्ञ प्रशिक्षकहरूबाट सहजीकरण भएको थियो । विभिन्न ७ वटा विषयगत मोड्युलहरूमा जम्मा ८८ सत्र (अर्थात् १३२ घण्टा) सैद्धान्तिक कक्षा सञ्चालन भएको थियो भने बाँकी ३२ सत्र (४८ घण्टा) स्थलगत अध्ययन, प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण भएको थियो । प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका कर्मचारीका लागि ३० कार्यदिने सेवाकालीन तालिमको पाठ्यक्रम २०७९ बमोजिम प्रशिक्षार्थीहरूको मूल्याङ्कन समेत गरी मंसिर २ गते प्रमुख सचिव रविलाल पन्थको प्रमुख आतिथ्यतामा दिक्षान्त तथा प्रमाणपत्र वितरण गरिएको थियो ।





## प्रतिष्ठानको भवन निर्माण




प्रतिष्ठानको निर्माणाधिन भवनको डिजाइन

२०७७ साल फागुन १७ गते भू.पू. प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट शिल्यान्यास भएको प्रतिष्ठानको भवनको निर्माण कार्य भइरहेको छ । हाल उक्त भवनको बेसमेन्ट, भूइँतला तथा पहिलो तलाको ढलानको काम सम्पन्न भई दोस्रो तलाको ढलानको तयारी भइरहेको छ । बहुवर्षीय योजनाका रुपमा निर्माणाधिन उक्त भवन निर्माणको लागि चालु आ.व.मा प्रदेश सरकारबाट रु. ७ करोड र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्राप्त रु. ५ करोड गरी जम्मा रु. १२ करोड रकम विनियोजन भएको छ । गण्डकी प्रदेश सरकारको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) को रूपमा प्रतिष्ठानलाई अगाडि बढाउने प्रदेश सरकारको लक्ष्य अनुसार सो भवन निर्माण भइरहेको छ ।

## स्थानीय तहको लैससास परीक्षण

सबै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) गरी समावेशी विकासलाई जोड दिने नीति अनुसार यस वर्ष गण्डकी प्रदेशका २० वटा स्थानीय तहमा लैससास परीक्षण गर्ने लक्ष्य अनुरुप यस चौमासिकमा जम्मा १५ वटा स्थानीय तहमा लैससास परीक्षण सम्पन्न भएको छ । हालसम्म गल्कोट नगरपालिका, रघुगङ्गा, लोघेकर-दामोदर कुण्ड, काठेखोला, मालिका, लोमान्थाङ, तमानखोला, मंगला, ताराखोला, बरेङ, घरपझोङ, बडिगाड, बारागुङ मुक्तिक्षेत्र, धवलागिरी र चामे गाउँपालिका गरी जम्मा १५ वटा स्थानीय तहमा लैससास परीक्षण कार्य सम्पन्न भएको छ ।




## अन्तर प्रदेश सिकाइ आदान-प्रदान कार्यक्रम सम्पन्न

प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम अन्तरगत मिति २०७९ कार्तिक २१ देखि २६ सम्म अन्य प्रदेशका प्रशिक्षण प्रतिष्ठानका असल अभ्यास तथा कार्यसम्पादन तौरतरिकाको अध्ययन गर्न अन्तर प्रदेश सिकाइ आदान प्रदान कार्यक्रम सम्पन्न भयो । यस क्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक, शाखा अधिकृतहरू, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका प्राविधिक कर्मचारीहरू र दुई जना सवारी चालक समेत गरी जम्मा १० जनाको सहभागिता रहेको थियो ।



सिकाइ आदान-प्रदान कार्यक्रमको क्रममा सुदूरपश्चिम प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढीमा प्रदेश सचिव एवम् प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) का प्रदेश कार्यक्रम निर्देशक टुवराज पोखेल, अन्य कर्मचारी तथा PLGSP तर्फ प्रदेश कार्यक्रम समन्वय इकाई (PPIU) का प्राविधिक कर्मचारीको उपस्थितिमा छलफल तथा सिकाइ आदान प्रदान कार्यक्रम गरिएको थियो । त्यसैगरी डोटी जिल्लाको पुन्नामा रहेको प्रादेशिक सुशासन केन्द्र (PCGG) मा कार्यकारी निर्देशक पदम राज जोशी, प्राविधिक एवम् अन्य कर्मचारीहरूसँग विस्तृत रुपमा अन्तर्क्रिया गरिएको थियो । त्यसैगरी कर्णाली प्रदेशको सुर्खेतस्थित प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक कृष्ण खरेलको उपस्थितिमा PPIU र PCGG का प्राविधिक कर्मचारी र अन्य कर्मचारीहरूसँग बृहत् छलफल तथा अन्तर्क्रिया भएको थियो ।

अन्तर्क्रिया कार्यक्रम खासगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धी र आगामी दिनको योजना, जनशक्ति उपलब्धता र टिम परिचालन, प्रतिष्ठान/सुशासन केन्द्रहरूको भौतिक पूर्वाधारको अवस्था, उपयोग एवम् स्थानीय तहहरूसँगको समन्वय र सहकार्य लगायतका विषयमा केन्द्रित भएको थियो ।





# विविध

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा अवलोकन भ्रमण

काठमाण्डौको गोल्डेन गेट इन्टरनेशनल कलेज र पोखराको लेकसिटी कलेजका स्नातक तह (सामाजिक कार्य)मा अध्ययनरत ३५ जना विद्यार्थी र ५ जना शिक्षक गरी जम्मा ४० जना सहभागीबाट वि.सं. २०७९ श्रावण २५ गते स्थलगत भ्रमण मार्फत सामाजिक विकास, नीतिगत र सार्वजनिक कार्यक्रम विकासको अध्ययन गर्दै स्नातक तहको कोर्ष आवश्यकता पूरा गर्ने उद्देश्यले यस प्रतिष्ठानको अवलोकन गरिएको थियो ।



## युनिभर्सिटी अफ ब्रिटिश कोलम्बिया (UBC) मा प्रस्तुतीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले क्षमता विकास र स्थानीय आर्थिक विकासको क्षेत्रमा खेलेको भूमिका, संघ र प्रदेश सरकारका स्थानीय आर्थिक विकास सम्बन्धी नीति, कार्यक्रम, प्राथमिकता लगायतका विषयमा क्यानडाको ब्रिटिस कोलम्बिया विश्वविद्यालयका स्नातकोत्तर तहका विद्यार्थीहरूको लागि २०२२ सेप्टेम्बर १४ तारिखका दिन प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेबाट भर्चुअल माध्यमबाट प्रस्तुतीकरण भयो । उक्त प्रस्तुतीकरणले विश्वविद्यालय र प्रतिष्ठानकाबीच आपसी सम्बन्ध विस्तारमा योगदान पुगेको छ ।

## आइएसओ प्रमाण-पत्रको सार्वजनीकरण

प्रतिष्ठानको कार्यक्रमलाई अन्तराष्ट्रिय गुणस्तर र मापदण्ड बमोजिम सञ्चालन गर्ने अभिप्रायले गुणस्तर व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको छ । प्रतिष्ठानको गुणस्तर व्यवस्थापन प्रणालीको प्रमाणीकरण स्वरुप क्वालिटी अष्ट्रियाबाट प्राप्त ISO 9001: 2015 प्रमाणपत्र मिति २०७९ भाद्र १९ गते आयोजित अधिकृतस्तरका कर्मचारीहरूको सेवाकालीन तालिम उद्घाटनको अवसरमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट सार्वजनिकीकरण गरिएको थियो । उक्त समारोहमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थ, प्रदेश सचिव मनमाया पंगेनी भट्टराई र राम प्रसाद आचार्य लगायतको उपस्थिति रहेको थियो ।




## आइएसओ प्रमाणीकरण सम्बन्धी संवाद कार्यक्रम सम्पन्न

यही मिति २०७९ कार्तिक १७ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र National Certification & Management Nepal (NATCM), Baneshwor Kathmandu को संयुक्त आयोजनामा यस प्रदेशका विभिन्न प्राज्ञिक तथा तालिम सम्बन्धी निकायसँग आइएसओ प्रमाणीकरण सम्बन्धी संवाद कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको सहजीकरण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे र NATCM का निर्देशक जनार्दन घिमिरेले गरेका थिए ।

## बालअधिकार दिवस सम्पन्न

गत भाद्र २९ गते तद्अनुसार सन् २०२२ सेप्टेम्बर १४ तारिखका दिन प्रदेश सरकारको शिक्षा, सँस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय, प्रदेश बाल समिति एवम् परिषद् र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा प्रदेशस्तरीय बाल अधिकार दिवस मनाइयो । उक्त कार्यक्रममा ३४ जना पुरुष र २२ जना महिला गरी जम्मा ५६ जनाको सहभागिता रहेको थियो । बालअधिकार दिवसकै पूर्वसन्ध्यामा भाद्र १९ गते प्रदेश बाल अधिकार समिति र प्रदेश बाल परिषद्का पदाधिकारी तथा मन्त्रालयका सामाजिक विकास महाशाखाका कर्मचारीहरूलाई बाल अधिकार, बालमैत्री शासन व्यवस्थाको महत्वको बारेमा अभिमूखीकरण समेत गरिएको थियो । सो अभिमुखीकरणमा १३ जना पुरुष र १० जना महिला गरी जम्मा २३ जनाको सहभागीता रहेका थियो ।

## अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिवेदनको लोकार्पण

नेपालको संविधान र कानूनले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहहरूबिचको अन्तर सम्बन्धका विषयमा गण्डकी प्रदेशको अवस्थाको बारेमा एक अनुसन्धान गरी प्रकाशन गरिएको अध्ययन प्रतिवेदन गत भाद्र १९ गते आयोजित सेवाकालीन तालिम उद्घाटनको अवसरमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट लोकार्पण भयो । विभिन्न सरोकारवालाहरूसँगको अन्तरक्रिया र संघीय शासन प्रणाली कार्यान्वयनमा रहेका विभिन्न देशको तुलनात्मक अध्ययन गरी तयार पारिएको उक्त प्रतिवेदन अन्तरसरकार सम्बन्धका बारेमा विभिन्न तहमा सरकारका लागि महत्वपूर्ण दस्तावेज हुने अपेक्षा गरिएको छ ।

